# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

☎ ०७८-५७५३९६


प.सं.:
च.नं.:

मिति: २०८०/०३/१७

## देवचुली नगरवासी आम नागरिकहरुमा अनुरोध ।

नेपालको अर्थतन्त्रको आधार स्तम्भका रुपमा मानिएको सहकारी विरुद्ध अनरगल, अराजक, असामाजिक गतिविधि भईरहेको, सहकारी संस्थाबाट लिएको ऋण नतिर्ने गरी अभियान नै संचालन हुँदै गरेकोले त्यस्ता गतिविधि नियन्त्रण गरी सहकारी प्रवर्धनमा आवश्यक सहयोगको लागि देवचुली नगरपालिका स्थित अधिकांश सहकारी संस्थाका प्रतिनिधिहरुको उपस्थितिमा मिति २०८०/०३/१७ गते नगर सहकारी सञ्जाल देवचुलीको तर्फबाट यस नगरपालिकालाई बुझाईएको ज्ञापन पत्रका सम्बन्धमा देवचुली नगरपालिकाको ध्यानाकर्षण भएको छ ।

देवचुली नगरपालिकाले सहकारी क्षेत्रको निरन्तर विकास र सुधारमा हातेमालो गर्दै सदस्यहरुको बचत परिचालन मार्फत यस क्षेत्रको आर्थिक र सँगसँगै सामाजिक रुपान्तरणमा सहकारीको भुमिकालाई उच्च मुल्याङ्कन गरेको छ । सहकारीको विकास, प्रवर्धन र नियमनमा नीतिगत स्पष्टताका साथ सहकार्य गरिआएको छ । यस नगरक्षेत्रमा राष्ट्रिय/अन्तराष्ट्रिय पहिचान बनाईसकेका सहकारी संस्था रहेकामा हाल देशका विभिन्न स्थानका केही सहकारी संस्थाहरुले सदस्यको बचत रकम फिर्ता गर्न नसकेको, कर्जा लगानी तथा असुलीमा समस्या भोगिरहेको, सहकारी संस्थाबाट लिएको ऋण नतिर्न अभियान नै संचालन गरेको भन्ने विषयहरु अति नै गम्भिर छन् । सहकारी मुल्य, मान्यता र दर्शनमा आधारित भई सदस्य केन्द्रित स्व-नियमनको परिपालन भएका संस्थाहरुमा यस्तो विचलन आउदैन तर कहिलेकाहिँ हल्लै हल्लाले जतिसुकै राम्रो संस्थामा पनि समस्या नआउला भन्न सकिन्न । संस्थाबाट ऋण लिने सदस्य पिडित हो भन्ने मान्यता स्थापित गर्न खोजिदै छ तर आफु जस्तै छिमेकीले थोरै थोरै जम्मा गरेर संस्थामा संकलन भएको रकम ऋणका रुपमा आफुलाई चाहिए जसरी प्रयोग गर्ने व्यक्तिले सो रकम समयमै फिर्ता नगर्दा बचतकर्ता सदस्यहरुको बचत रकम जोखिममा पर्न सक्ने भएकोले सहकारी संस्थाबाट लिएको ऋण तोकिएको समयमा अनिवार्य फिर्ता गर्नु सम्बन्धित व्यक्तिको कानूनी दायित्व हुन्छ । त्यसैले सहकारीताको भाव अनुसार संस्था आफ्नो लागि आफैंले निर्माण /सञ्चालन गरेको भन्ने निर्माण गरी ऐन, नियम तथा विनियमानुसार सक्रिय सदस्यको भुमिका निर्वाह गर्न, आफ्नो संस्थाको वित्तिय अवस्था बुझ्दै नबुझि बचत फिर्ता र यस्तै हल्ला अफवाहको पछि नलाग्न, संस्थाबाट ऋण लिएको भए (साँवा ब्याज) नियमानुसार समयमै तिर्नुहुन आम नगरवासीमा देवचुली नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

विधिसम्मत हिसावले सहकारी संस्थाबाट लिएको ऋण नतिर्ने र अरुलाई पनि नतिर्न प्रेरित गर्ने मनसायले गरिने कुनैपनि गतिविधि प्रचलित कानून विपरित हुने हुँदा त्यस्तो गैर कानूनी कार्य जो कोहिले गरेको पाईएमा त्यस्ता गतिविधि निरुत्साहित गर्न कानून बमोजिम संघीय तथा प्रदेश सरकार समेतको सहयोग र समन्वयमा आवश्यक कारवाही गरिने छ । सहकारी संस्था संचालकहरुले पनि संस्थाको कारोवार, तरलता, सम्पत्ति, दायित्व, बचत ऋणको तत्काल यथार्थ बस्तुस्थिति विश्लेषण गर्दै अर्थपूर्ण कार्ययोजना बनाई प्रकाशन तथा लागू गर्ने, शेयर सदस्यहरुमाझ सहकारी शिक्षाको कार्यक्रम लैजाने, संस्थामा सुशासन कायम गर्ने गराउने, बाह्य हल्ला तथा संस्थाको वास्तविक बस्तुस्थिति प्रष्ट पार्दै सदस्यहरुलाई आश्वास्थ पार्ने र सदस्यहरुबाट प्राप्त उचित सुझावहरु ग्रहण गर्दै संस्थालाई दिशानिर्देश गर्नुहुन अनुरोध गरिन्छ ।

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत


इमेल: devchulimunicipality@gmail.com